# किस्पाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट

बागमती प्रदेश, नेपाल

प.सं. :- २०८२।८३

च.नं. :-

## वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुका लागि उद्यमशिलता प्रवर्द्धन कार्यक्रममा सहभागीताको लागि आवेदन पेश गर्नुहुन प्रकाशित सूचना !

(दोश्रो पटक प्रकाशित मितिः २०८३/०२/१९ गते)

यस किस्पाङ गाउँपालिकाको आ. व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम यस गाउँपालिका भित्र बसोबास गर्ने वैदेशिक रोजगारमा संलग्न रहेर सिप तथा ज्ञान हासिल गरी नेपालमा नै केहि गर्न ईच्छा राखेर नेपाल फर्कि आएकाहरुलाई लक्षित गर्ने गरी राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत आन्तरिक रोजगारी प्रवर्द्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई उद्यमशिलता प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने भएको हुँदा उक्त कार्यक्रममा सहभागी हुन ईच्छुक वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुले यो सूचना प्रकाशन भएको मितिले ७ दिन (२०८३/०२/२५ गते) भित्र तपसिल बमोजिमको कागजातहरु संलग्न गरि कार्यालय समयभित्र यस कार्यालयको रोजगार सेवा केन्द्र, वडा कार्यालय वा रोजगार सेवा केन्द्रको ईमेल pmepkispangmun@gmail.com मा पेश गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

१. सम्बन्धित व्यक्तिको निवेदन

२. नागरिकताको प्रमाणपत्रको फोटोकपी

३. राहदानीको फोटोकपी

४. वैदेशिक रोजगारमा संलग्न रहेको प्रमाण खुल्ने प्रमाण कागजात

**वोधार्थः**

**श्री वडा कार्यालयहरु सबैः** सूचना प्रचारप्रसार गरी आवेदन संकलन गर्नुहुन ।

**श्री सूचना प्रविधि अधिकृतः** संलग्न निवेदनको ढाँचा तथा सूचना गाउँपालिकाको Website मा अपलोड गर्नुहुन ।

..........................

केदार प्रसाद खतिवडा

प्रमुख प्रशासकीय अधिकृत